# तेस्रो नगर सभावाट पारित गरिएका निर्णयहरु :

**निर्णय नं. १**

यस नगरसभामा नगर प्रमुख श्री मुरारीप्रसाद खतिवडाज्यूवाट आर्थिक वर्ष ०७५/०७६ का लागि मिति २०७५ आषाढ २५ गते प्रस्तुत गर्नु भएको वजेट, नीति तथा कार्यक्रम (अनुसूची-क) धन्यवाद सहित पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

यस नगर सभामा चालु आर्थिक वर्ष ०७४/०७५मा देहाय अनुसारका विषयगत समितिका संयोजकहरुले पेश गर्नु भएको प्रगती सहितको प्रतिवेदनहरु व्यापक छलफल एवं समीक्षा गर्दै नगर सभाले दिएका सुझावहरु समावेस गरी(अनुसूची-ख)धन्यवाद सहित पारित गर्ने निर्णय गरियो ।साथै मिति २०७५ असारसम्मका योजना तथा पूर्वाधार विकास शाखाबाट पेश हुन आएका वडा स्तरीय, नगर स्तरीय, लक्षित वर्ग, सडकबोर्ड नेपाल, संघ तथा प्रदेश सरकारबाट प्राप्त भएका केन्द्रिय तथा प्रदेश स्तरीय कार्यक्रमहरु, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम मार्फत सञ्चालन भएका कार्यक्रमहरु र अन्य संशोधित योजना तथा कार्यक्रमहरुको समीक्षा गर्दै अनुमोदन तथा समर्थन गर्ने निर्णय गरियो ।

तपसिलः

१. आर्थिक विकास समिति, संयोजक श्री सुनिता कटुवाल कार्की
२. पूर्वाधार विकास समिति,संयोजक श्री मौसम आलेमगर
३. सुशासन तथा सँस्थागत विकास समिति,संयोजक श्री टिकाराम कुमाल
४. वन, वातावरण तथा विपद व्यवस्थापन समिति,संयोजक श्री निरञ्जन श्रेष्ठ
५. सामाजिक विकास समिति,संयोजक श्री दयानिधी वराल
६. विधेयक समिति,संयोजक श्री केशवराज सिं थापा

**निर्णय नं. ३**

यस नगर सभामा छलफलका लागि प्रस्तुत भएको खाँदवारी नगरपालिकाको आर्थिक ऐन २०७५, माथि दफावार छलफल गरी (अनुसूची १ बमोजिम) पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

यस नगर सभामा छलफलका लागि प्रस्तुत भएको खाँदवारी नगरपालिकाको विनियोजन ऐन २०७५, माथि दफावार छलफल गरी (अनुसूची २ बमोजिम) पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

यस नगर सभामा छलफलका लागि प्रस्तुत भएको खाँदवारी नगरपालिकाको राजश्व ऐन २०७५ र बृहत्तर मनकामना विकास समिति ऐन २०७५,माथि दफावार छलफल गरी (अनुसूची ३.१ र अनुसूची ३.२ बमोजिम) पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

वडा सभाबाट माग भई आएका तर नगरपालिकाको वजेट तथा कार्यक्रम भित्र समेटन नसकिएका देहायका योजना कार्यक्रमहरुलाई योजना बैंकको रुपमा राखी संघियएवं प्रदेश स्तरका कार्यक्रम, निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम विभिन्न दातृ निकाय एवं संघ संस्था र विषयगत कार्यालयहरुको कार्यक्रममा समावेश गर्नका लागि(अनुसुची ४) योजना तथा कार्यक्रमहरु माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ :**

पहिलो तथा दोस्रो नगर सभाबाट स्वीकृत भएका योजना तथा कार्यक्रमहरु नियम अनुसार कार्यान्वयन भई अनुगमन तथा फरफारक समितिबाट फरफारक भई आएका र संघ तथा प्रदेश सरकारबाट प्राप्त भई संचालन भएका योजना तथा कार्यक्रमहरु (अनुसूची-५) अनुमोदन सहित हाल सम्मको सम्पूर्ण खर्च समर्थन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

**विविध :**

१. दोस्रो नगर सभाबाट पारित हुने सबै निर्णयहरु प्रमाणिकरण गर्नको लागि नगर कार्यपालिका प्रमुख, उप्-प्रमुख, वडा अध्यक्ष तथा वडा अध्यक्षको कामकाज गर्ने का.वा. वडा अध्यक्षहरु र कार्यपालिकाका सदस्यहरुलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

२.आ.व. ०७४/०७५ को संसोधित आय, व्यय,यथार्थ खर्च, संसोधित बजेट कार्यपालिकाबाट गरेका निर्णयहरु एवं खर्चलाई अनुमोदन एवं समर्थन गर्ने निर्णय गरियो ।

३. यस नगरपालिकाको स्वामित्वमा रहेका देहायका बसपार्क एवं रङ्गशालाहरुलाई रणनैतिक रुपमा निर्माण गर्नका लागि नगरपालिकाबाट विस्तृत आयोजना प्रतिवेदन (DPR) तयार गरी ऋण सहयोग उपलब्ध गराउन नगर विकास कोष नयाँ बानेश्वर काठमाण्डौंलाई अनुरोध गर्ने निर्णय गरियो ।

तपसिल :

क) खा.न.पा. १ स्थित बसपार्क

ख) खा.न.पा. ९ स्थित तुम्लिङ्टार बसपार्क

ग) खा.न.पा. ३ स्थित मानेभञ्ज्याङ्ग बसपार्क

घ) खा.न.पा. २ स्थित चेवाबेंसी बसपार्क

ङ) खा. न.पा.७ स्थित खाँदबारी रङ्गशाला

च) खा.न.पा. ४ स्थित भगीवन्त रङ्गशाला

४) सङ्खुवासभा उद्योग वाणिज्य संघ र खाँदवारी नगरपालिका विच भएको सम्झौता अनुसार व्यवसायीक करवाट उठेको २५ प्रतिशत रकम आगामि आ.व. मा देहायको शर्त वन्दोवस्तको अधिनमा रही भुक्तानी दिने निर्णय भयो ।

शर्त तथा बन्देजहरु :

- वार्षिक रुपमा कम्तिमा एक पटक उपभोक्ता सचेतना गोष्ठी सञ्चालन एवं सन्देशमुलक पर्चा छपाई वितरण गर्ने ।
- प्रत्येक व्यवासायीहरुको पसल अगाडि कम्तिमा २/२ वटा गमलामा फुल वा हरित विरुवा अनिवार्य रुपमा राख्न लगाउने ।
- नगरको फोहोर व्यवस्थापनमा डष्टविन वा अन्य सामाग्रीहरुको खरीद कार्यमा लगाउने ।
- व्यवसायीहरुको हकहितको कार्य गर्दै व्यवसाय कर (दर्ता, नविकरण एवं असुली) का लागि अभिप्रेरित गर्ने कार्यक्रम सञ्चालन गर्ने ।
- फोहोर सफा गर्न बजार क्षेत्रका प्रत्येक घरधुरीका व्यवसायीहरुलाई अनिवार्य सदस्यता वनाउन लगाउने ।

५) वडा स्तरीय योजनाहरुको संभौता सम्बन्धित वडाको वडा सचिवलेनै गर्ने गरी कार्यपालिका र प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

६) नगरक्षेत्र भित्रका टोल विकास सँस्थाहरुलाई वातावरणमैत्री वनाउन देहाय अनुसारका सूचकहरुको कम्तिमा ७० प्रतिशत सूचक पुरा भएका टोल विकास सँस्थाहरुलाई पुरस्कृत गर्ने निर्णय गरियो ।

- टोल पूर्ण सरसफाई क्षेत्र भएको हुनुपर्ने
- टोलका प्रत्येक घरमा कम्तीमा २ वटा फलफुलका विरुवा रोपेको हुनुपर्ने
- टोल प्लाष्टिक (६० माईक्रोन भन्दा कम गुणस्तरको प्लाष्टिक) निषेधित क्षेत्र घोषणा भएको हुनुपर्ने
- प्रत्येक घरधुरीमा अनिवार्य शौचालय निर्माण तथा प्रयोग भएको हुनुपर्ने
- सडक किनारमा बृक्षारोपण गरेको हुनुपर्ने
- घरघरमा फुलवारी, करेसावारी, गमलामा फुल रोपण भएको
- टोलको मुख्य भागहरुमा फोहोर राख्ने भाँडा (डष्टविन) राखेको हुनुपर्ने र प्रत्येक घरमा कम्तिमा २ वटा डष्टविन (हरियो डष्टविनमा कुहिने प्रकृतिका फोहोर तथा रातो डष्टविनमा नकुहिने प्रकृतिका फोहोरहरु संकलन गर्ने गरेको)अनिवार्य राखेको हुनुपर्ने
- घरेलु जैविक फोहोरहरुलाई कम्पोष्टिङ्ग गरी फुलवारी वा करेसावारीमा प्रयोग गरेको हुनुपर्ने
- फोहोर मैलाहरुको समुचित व्यवस्थापन गरेको हुनुपर्ने

माथि उल्लेखित सूचकहरुको आधारमा टोल विकास सँस्थाहरुको मूल्याङ्कन गर्न नगरपालिकाले एक समिति गठन गर्नेछ। सो मूल्याङ्कन समितिले दिएको प्रतिवेदन बमोजिम कम्तिमा ७० प्रतिशत वा सो भन्दा बढी अङ्क प्राप्त गर्ने टोलविकास सँस्थालाई पहिलो वातावरणमैत्री टोल विकास सँस्था घोषणा गर्नेछ साथै उत्कृष्ठ ३ वटा वातावरणमैत्री टोल विकास सँस्थालाई नगरपालिकाले देहाय अनुसारका पुरस्कार प्रदान गर्नेछ :

- ✓ प्रथम पुरस्कार रु.५०,०००।००
- ✓ द्धितिय पुरस्कार रु.३०,०००।००
- ✓ तृतिय पुरस्कार रु.२०,०००।००

७) खाँदवारी नगरपालिका क्षेत्र भित्रका सडकहरुको स्तरवृद्धि गर्दा कम्तिमा देहायका कार्यहरुपुरा गर्नको लागि नगरकार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

- मौजुदा सडकको चौडाई कम भएमा मापदण्ड अनुरुपको चौडाई बृद्धि गर्ने सडकको ग्रेडिङ्ग तथा घुम्तिसुधार गर्ने
- स्ट्रक्चरको काम बढी भन्दा बढी गरेको हुनुपर्ने
- कलभर्ट/कज वे/होम पाईप आदि निर्माण गर्नुपर्ने
- सडक योजनाको सडक कालोपत्रे/ढलान/ग्राभेल/सोलिङ्गको कार्य गर्नुपर्ने
- भू-क्षय वा पहिरो जाने स्थानहरुमा वायोईन्जिनियरिङ्गको कार्य गर्नुपर्ने
- सडकमा पानी निकासको लागि पक्कि ड्रेन निर्माण भएको हुनुपर्ने
- नगर यातायात गुरुयोजना हालसम्म निर्माण नभएकोले मोटरवाटोको सडक चौडाई न्यूनतम ७ मिटर भएको हुनु पर्ने

८) नगरक्षेत्रभित्रकासामुदायिक विद्यालयहरुले देहायकका सूचकहरु पुरा गरेमावातावरणमैत्री विद्यालय पुरस्कार प्रदान गर्ने निर्णय गरियो ।

**<u>नगरपालिकाले निर्धारण गरेका अन्य सूचकहरु:</u>**

विद्यालय वातावरणमैत्री हुनका लागि देहाय अनसारका सूचकहरु पुरा भएको हुनुपर्नेछ :

- सरसफाई उन्मुख भएको
- हरेक कक्षाकोठामा डष्टविनको व्यवस्था भएको
- कक्षा कोठा र विद्यालय सरसफाई नियमित रुपमा व्यवस्थापन भएको
- करेसावारी तथा फुलवारी लगाई त्यसको सुरक्षा व्यवस्था समेत भएको
- वृक्षारोपण गरी संरक्षण गरिएको हुनुपर्ने र अनिवार्य हुर्काएको समेत हुनुपर्ने
- विद्यालय परिसरमा निस्कने फोहोरको समुचित व्यवस्थापन गरिएको
- वातावरणमैत्री वालक्लव निर्माण गरी परिचालित गरिएको हुनु पर्ने
- विद्यालय र विद्यार्थीहरुवाट समुदायमा वातावरण मैत्री कृयाकलाप सञ्चालन गरिएको हुनुपर्ने
- स्वास्थ्य र शारिरीक शिक्षाको व्यवहारिक अभ्यास भएको हुनुपर्ने

माथि उल्लेखित सूचकहरुको आधारमा विद्यालयहरुको मूल्याङ्कन गर्न नगरपालिकाले एक समिति गठन गर्नेछ । सो मूल्याङ्कन समितिले दिएको प्रतिवेदन बमोजिम कम्तिमा ७० प्रतिशत वा सो भन्दा बढी अङ्क प्राप्त गर्ने विद्यालयहरुलाई पहिलो वातावरणमैत्री विद्यालय घोषणा गर्नेछ साथै उत्कृष्ठ ३ वटा वातावरणमैत्री विद्यालयलाई नगरपालिकाले देहाय अनुसारका पुरस्कार प्रदान गर्नेछ :

- ✓ प्रथम पुरस्कार रु.५०,०००।००
- ✓ द्धितिय पुरस्कार रु.३५,०००।००
- ✓ तृतिय पुरस्कार रु.२५,०००।००
- ✓ सान्त्वना पुरस्कार रु.१०,०००।००

९) यस नगर सभाबाट आ.व., २०७४।०७५ मा स्वीकृत भए अनुरुप बजेट योजना कार्यक्रमहरु तोकीएको समयमा नै सम्पन्न हुन नसकेको अवस्थालाई दृष्टिगत गरी आ.व. ०७५।०७६ को लागि देहाय अनुसारको कार्ययोजना स्विकृत गरिएको छ । सो अनुरुप कार्यलाई अगाडि बडाउन नगर कार्यपालिका र नगर कार्यपालिकाको कार्यालयलाई कडा निर्देशन दिने निर्णय गरियो ।

| क्र.स. | कार्य विवरण | गर्नु पर्ने समयावधि | | प्रमुख जिम्मेवारी | कै |
|---|---|---|---|---|---|
| | | देखि | सम्म | | |
| १ | नगर सभाबाट स्वीकृत सबै योजनाको सर्वेक्षण 'ड्रइङ्ग /डिजाईन' गरी नेपाली भाषामा लागत अनुमान तयार तथा उपभोक्ता समिति गठन | ०७५ श्रावण | ०७५ मंसिर १५ | शाखा प्रमुख पूर्वाधार विकास, शाखा तथा सम्बन्धित वडा कार्यालय | |
| २ | ठेक्का पट्टा गर्नु पर्ने योजनाहरुको टेण्डर डकुमेन्ट निर्माण, प्रकाशन र ठेक्का वन्दोवस्त/उपभोक्ता समितिसँग सम्झौता | ०७५ कात्तिक | ०७५ मंसिर १५ | शाखा प्रमुख पूर्वाधार विकास शाखा | |
| ३ | उपभोक्ता समितिहरुलाई अनुशिक्षण | ०७५ मंसिर १६ | ०७५ मंसिर मसान्त | शाखा प्रमुख पूर्वाधार विकास शाखा | |
| ४ | निर्माण कार्यहरुको शुभारम्भ र सम्पन्न | ०७५ पौष | ०७५ चैत्र मसान्त | शाखा प्रमुख पूर्वाधार विकास शाखा | |
| ५ | नगर सभाबाट स्वीकृत विषयगत कार्यक्रमहरुको कार्यक्रम स्वीकृती, तयारी, कार्यान्वयन र सम्पन्न | ०७५श्रावण | ०७५ चैत्र मसान्त | सम्बन्धित विषयगत शाखा, उपशाखा र ईकाई प्रमुख | |
| ६ | सार्वजानिक खरीद | ०७५ श्रावण | ०७५ पौष मसान्त | खरीद ईकाई प्रमुख, जिन्सी उपशाखा र सम्बन्धित शाखा प्रमुख | वोलपत्र आव्हान, सिलव... वोलपत्र/सिलवन्दी दर... पत्रवाट खरीद गर्न पहि... प्राथमिकता दिने । |

१०) अरुणभ्याल्ली मल्टिपर्पोज प्रा.लि.ले कार्यगरिरहेका क्षेत्रहरु खाँदवारी नगरपालिकाको वडा नं.३ को प्रमुख वजार क्षेत्र, वडा नं. ७ को नयाँवजार हुँदै आर्मीक्याम्प सम्मको आसपास क्षेत्र, वडा नं.१ को आर्मी क्याम्प भन्दा मुनी हिमावि हुँदै डुँडिखेल, पोखरी वजार,चाँदनी चौक, देवकोटा चौक, घिमिरे गाउँ तथा ढोलवाजेसम्म र खाँदवारी ८ आसपासका मुख्य क्षेत्रहरुमा सरसफाई कार्ड नवनाएका घरपरिवारलाई सरसफाई कार्ड वनाउन अनिवार्य गर्ने । सरसफाई कार्ड वनाएका तर समयमा शुल्क नतिर्ने सेवाग्राहीहरुलाई अतिआवश्यकीय सेवा भन्दा वाहेक अन्य सेवा सुविधाहरु रोक्का राख्न नगरकार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

११) नगरपालिकाले दैनिक रुपमा गर्नुपर्ने कार्यहरुमा सहजता प्राप्त हुन सकोस भन्ने उद्धेश्यले आवस्यकता अनुसार स्वीकृत भएका नीति, कार्यक्रम तथा बजेट स्वीकृत, आर्थिक ऐन र विनियोजन ऐनको अधिनमा रहि कुनै योजना तथा कार्यक्रम थप घट वा संशोधन वा परिमार्जन वा अति आवश्यकीय नयाँ योजना तथा कार्यक्रम थप गर्नु पर्ने विषयमा नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो । साथै संघ वा प्रदेश सरकार वा दातृ निकायबाट आएका थप अनुदान वा बजेट अनुसार नयाँ योजना छनौट गर्नु पर्ने भएमा यस नगरसभाबाट स्वीकृत योजना बैंक मध्येका योजना तथा कार्यक्रम प्राथमिकता अनुसार छनौट गरी कार्यान्वयन गर्ने अधिकार समेत नगर कार्यापालिकालाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

१२) यस नगर सभाबाट स्वीकृत भएका योजना तथा कार्यक्रम अनुसार विस्तृत चौमासीक कार्यक्रम बनाई स्वीकृत गर्ने अधिकार नगर प्रमुखलाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

१३) यस नगरपालिकामा विभिन्न कार्यालयहरुवाट काजमा आएका कर्मचारीहरुको सम्बन्धित कार्यालयवाट तलव भत्ताको व्यवस्था नभएकों अवस्थामा यस नगरपालिकाको कोषवाट तलव भत्ता उपलब्ध गराउन नगरकार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

१४) नगर क्षेत्रभित्र कार्यरत रहेका बैंक एवं वित्तिय संस्थाहरुलाई नगरका चोक र मूख्य स्थलहरुको सौन्दर्यकरण साना साना पार्क तथा आईल्याण्डहरु निर्माण सरसफाई तथा वातावरण सुधारको क्षेत्रहरुमा आवश्यक योजना कार्यक्रम नगरपालिकासंग समन्वय गरी संचालन गर्नको लागि अनुरोध गर्ने निर्णय गरियो ।

१५) नगरपालिका क्षेत्रभित्र लहरी खर्क सामुदायिक बन, थालडाँडा सामुदायिक बन र ढोलबाजे सामुदायिक वन लगायत अन्य सामुदायिक वन उपभोक्ता समिति र सम्बद्ध निकायहरुसंग आवश्यक समन्वय र सहजीकरण गरी उक्त वन क्षेत्रहरुलाई पर्यटकीय स्थलको रुपमा समेत विकसित गर्न नगरकार्यपालिका र वन उपभोक्ता समितिहरुलाई निर्देशन दिने निर्णय गरियो ।

१६) नगरक्षेत्रभित्रका सुकुम्वासी समस्या समाधान गर्नका लागि संघ र प्रदेश सरकारलाई अनुरोध गर्ने निर्णय गरियो ।

१७) भूकम्प पीडितहरुलाई निजी आवास निर्माणको लागि प्रहिलो किस्ता लिईसकेका कतिपय भूकम्प पीडितहरुले हालसम्म पनि दोस्रो र तेस्रो किस्ता लिन नसकीरहेको अवस्थालाई दृष्टिगत गरी दोस्रो र तेस्रो किस्ता लिने समयावधि थप गरिदिनका लागि राष्ट्रिय पुनः निर्माण प्राधिकरणलाई अनुरोध गर्ने निर्णय गरियो ।

१८) नगर क्षेत्र भित्रका अधिकांश सडकहरु हालसम्म पनि व्यक्तिकै नाममा रहेको अवस्था छ । उक्त सडकहरुको सार्वजनिक सडकको नाममा लगत कट्टा गराउने र नगरपालिकाबाट अव उप्रान्त निर्माण हुने सडकको लगत कट्टा भई नआएसम्म निर्माण कार्यलाई अगाडि नबडाउन नगर कार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

१९) खाँदबारी नगरपालिकाको सवै बैंक खाताहरु राष्ट्रिय वाणिज्य बैंक खाँदबारी शाखामा रहेको छ । उक्त बैंकमा सेवाग्रहीको अत्यन्तै चाप भएको र बैंकको व्यस्तताले सेवा प्रवाहमा जनगुनासो आईरहेको हुँदा सम्बद्ध

निकायहरुसंग सहमति लिएर यस न.पा.का केहि बैंक खाताहरु अन्य क वर्गका बैंकहरुमा खाता सार्ने/खोल्ने निर्णय गरियो ।

२०) नगरक्षेत्रमा कार्यरत सबै सामाजिक संघ संस्थाहरुले पनि नगरसभाबाट बजेट तथा कार्यक्रम स्वीकृत गराउनु पर्ने कानुनी व्यंवस्था रहेको छ । यो कानुनी व्यवस्था अनुसार नगरसभाबाट स्वीकृत नगराईएका योजना कार्यक्रमहरुको हकमा पहिलो पटकका लागि सचेत गराई नगर कार्यपालिकाको बैठकबाट कार्यक्रम संचालन गर्न अनुमति प्रदान गर्ने र आगामी आ.व.बाट अनिवार्य आफ्ना योजना/कार्यक्रमलाई नगरसभाबाट स्वीकृत गराउनै पर्ने बाध्यकारी व्यवस्था कडाईका साथ पालन गर्ने गराउने र नगराइएको खण्डमा सो कार्यक्रमहरु नगरपालिका क्षेत्रमा संचालन गर्न रोक लगाउने निर्णय गरियो ।

२१) नगरपालिका क्षेत्रभित्र आन्तरिक यातायात प्रणाली व्यवस्थित रुपमा संचालन गरी नगरवासीहरुलाई सेवा पुऱ्याउनु आवश्यक छ । सोको लागि देहायका कार्यहरु गर्न नगरकार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

- नगरपालिकाक्षेत्र भित्र चलिरहेका टेम्पो, ट्यासी, जीपहरुको आन्तरिक भाडादर निर्धारण गरी लागु गर्ने ।
- निजी क्षेत्रको सहकार्यमा नगरबस संचालनमा ल्याउनमा पहल गर्ने ।

२२) नगरपालिकाको स्वामित्वमा रहेका यातायात एवं निर्माणका साधनहरु पुराना भई मर्मत सम्भार गरिरहनु पर्ने भएकोले मर्मत कार्यलाई यथार्थ, चुस्त, दुरुस्त तुल्याउन एक मर्मत संभार समिति गठन गरी सो मार्फत मात्र मर्मत संभार गर्ने गराउने व्यवस्था मिलाउन नगरकार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

२३) यस नगरपालिकामा कार्यरत रहेका सबै कर्मचारीहरुको तलबी प्रतिवेदन नगरकार्यपालिकालाई पारित गर्न अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

२४) उपभोक्ता समिति मार्फत योजना संचालन गर्दा जनसहभागीताको सन्दर्भमा देहाय अनुसार गर्न नगर कार्यपालिका र कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

- वडास्तरिय योजना तथा कार्यक्रमहरु कार्यान्वयनका सन्दर्भमा उपभोक्ता समितिहरु मार्फत संचालन हुने उक्त कार्यक्रमहरु २५ प्रतिशत जनश्रमदान अनिवार्य गर्नु पर्नेछसाथै सो कार्यका लागि अग्रिम पेश्की रकम उपलब्ध गराइने छैन ।जनश्रमदान वापतको रकम सबैभन्दा पहिले कट्टा गरी बाँकी रकम रनीङ्ग विलको आधारमा भुक्तानी गरिनेछ ।
- नगरस्तरिय योजना तथा कार्यक्रमको हकमा उपभोक्ता समिति मार्फत कार्यक्रम कार्यान्वयन गर्दा योजनाको लागि विनियोजन भएको रकमको देहाय अनुसारले जनसहभागीता बापतको रकम नगरपालिकाको संचित कोष खातामा अनिवार्य रुपमा नगदजम्मा गरिसकेपछीमात्र योजना कार्यक्रम सम्झौता गरी संचालन गरिने निर्णय गरियो ।

    (क) १०लाख सम्मका योजनालाई १० प्रतिशत
    (ख) १० लाख भन्दा माथि २० लाख सम्मका योजनालाई १५ प्रतिशत
    (ग) २० लाख माथिका योजनालाई २० प्रतिशत

२५) स्थानीय शासन तथा सामुदायिक विकाश कार्यक्रम अन्तर्गत कार्यरत सामाजिक परिचालकहरुलाई सामाजिक परिचालनको अतिरिक्त सम्वन्धित वडाको सहायक, वडा सचिव समेत भई कामकाज गर्न तोकिएको छ । निजहरुको सम्झौता अवधि २०७५ असार मसान्तसम्म रहेकोमा स्वीकृत दरवन्दी अनुसारको कर्मचारीहरु नआइसकेको हुँदा सामाजिक परिचालकहरुको अनुपस्थितिमा वडा कार्यालयबाट प्रवाह हुने सेवा सुविधा समेत प्रभावित हुने देखिएकोले तपसिलमा उल्लेखित सामाजिक परिचालकहरुको बढीमा ६ महिनाका लागि करार नवीकरण गराउने र सुचना प्रविधि अधिकृत श्री प्रदिप बुढाथोकीको हकमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको च.नं. ४७७ मिति २०७५/०३/२४ को

परिपत्र अनुसार आगामि २०७५ श्रावण १ गते देखि थप ६ महिनाका लागि करार निरन्तरता दिने लाग्ने कुल लागतको कम्तिमा २५ प्रतिशत बजेट लागत सहभागिता गरी निरन्तरता दिने निर्णय गरियो ।

१. सामाजिक परिचालक श्री रजिता पाठक कुईकेल
२. सामाजिक परिचालक श्री लालवहादुर दर्जी
३. सामाजिक परिचालक श्री रोशन निरौला
४. सामाजिक परिचालक श्री चुडादेवी श्रेष्ठ
५. सामाजिक परिचालक श्री अञ्जु राई
६. सामाजिक परिचालक श्री निर्मला चापागाई
७. सामाजिक परिचालक श्री नमिता कार्की
८. सामाजिक परिचालक श्री शुष्मा घिमिरे
९. सामाजिक परिचालक श्री तुलसा घिमिरे
१०. सामाजिक परिचालक श्री शुसिला गौतम पोखेल
११. सामाजिक परिचालक श्री धन नारायण राई

२६) नगरकार्यपालिकाको कार्यालयमा हालसम्म दरवन्दीमा कार्यरत करारका कर्मचारीहरुको हकमा १ बर्ष सम्म म्याद थप गर्ने र दरवन्दी वाहेकका करारमा कार्यरत कर्मचारीहरुको बढीमा ६ महिनाको लागि म्याद थप गर्ने साथै बाँकी अवधिको म्याद थप एवं अन्य व्यवस्थापनको सम्बन्धमा आवश्यक निर्णय लिन नगरकार्यपालिकालाई अधिकार प्रत्यायोजन निर्णय गरियो ।

२७) यस कार्यालयमा रहेको व्याकहो लोडरबाट योजनामा नसमेटिएका बाटो तथा सडक निर्माण तथा मर्मत संभारमा प्रयोग गर्न कार्यविधि बनाईसंचालन गर्न नगरकार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

२८) नगरपालिकावाट विभिन समयमा गठन भएका देहाय अनुसारका छानविन समितिका पदाधिकारीहरुको वैठक भत्ता, खाजा खर्च र प्रोत्साहन वापतको रकम उपलव्ध गराउन नगरकार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

क) मलेपले औंल्याइएका वेरुजुहरु मध्ये वुदा नं १.२ को सन्दर्भमा नगरपालिकाद्धारा गठित छानविन समिति ।

ख) खाँदवारी नगरपालिकाद्धारा खरिद गरिएको विगत सालको जिन्सी सामानको भुक्तानी गर्न नगरपालिकाद्धारा गठित छानविन समिति ।

२९) शान्ती शुरक्षाको दृष्टिकोणले नगरको मुख्य भागमा सञ्चालनमा रहेको सिसि क्यामराको सञ्चालन, मर्मत सम्भार र विस्तारको लागि नगरपालिकावाट आवश्यक सहयोग गर्ने निर्णय गरियो ।

३०) स्थानीय सरकार सञ्चालन ऐन, नियम, नगरपालिकावाट वनेका ऐन, नियम, कार्यविधी, नगरसभा एवं नगरकार्यपालिकाले गठन गरेका समिति एवं उपसमितिहरुका पदाधिकारीहरुलगायत वोलपत्र मूल्याङ्कन समिति, वोलपत्र खोल्ने पदाधिकारी र कर्मचारीहरु र वढीमा २ जना आमन्त्रित सदस्यहरु समेतलाई नगरकार्यपालिकाका सदस्यहरुले पाएका सरहको वैठक भत्ता उपलव्ध गराउने साथै नगरसभा र नगरकार्यपालिकाको सचिवको कार्य गर्न तोकीएको प्रमुख प्रशासकीय अधिकृतलाई समेत सोही वमोजिमको वैठक भत्ता उपलव्ध गराउने र उक्त वैठकको माईन्यूट लेखन गर्ने बढीमा दुई जना कर्मचारीलाई प्रतिवैठक एक हजारका दरले वैठक भत्ता उपलव्ध गराउने निर्णय गरियो । प्रदेश सरकारले पास गरेको गाउँपालिका/नगरपालिकाका पदाधिकारीहरुको सुविधा सम्बन्धि व्यवस्था गर्न वनेको ऐनमा उल्लेख भएकोमा सोही ऐन वमोजिम हुने निर्णय गरियो ।

३१) आ.व. २०७४/०७५ मा खाँदवारी नगरपालिकाद्धारा संचालित योजना तथा कार्यक्रमहरु नियमानुसार संझौता भई कार्यान्वयन भएका र फरफारक समितिवाट समेत फरफारक भएका कार्यक्रमहरुको अनुसुचीमा उल्लेखित योजना तथा कार्यक्रमहरुको अन्तिम किस्ता रकम भुक्तानी दिन वाँकी रहेकोले त्यस्ता योजना तथा कार्यक्रमहरुलाई आगामी आ.व. ०७५/०७६ मा भुक्तानीका लागि दायित्व सारी लैजाने ।

क, आ.व. २०७४/०७५ मा खाँदवारी नगरपालिकाद्धारा संचालित योजना तथा कार्यक्रमहरु नियमानुसार संझौता भएका तर उपभोक्ता समितिहरुले कार्य गर्न नसकी आवश्यक विल भरपाई एवं प्राविधिक विल भरपाई समेत प्राप्त नभएको योजना तथा कार्यक्रमहरुको दायित्व सारी नलैजाने ।

ख, संझौता गर्दा क्रमागत रुपमा कार्य गर्ने गरि संझौता भएका देहायका योजना तथा कार्यक्रमहरुलाई क्रमागत रुपमा सारी आगामी आ.व.मा पनि निरन्तरता दिने ।

तपसिल:

१, सामुदायीक भवन निर्माण खा.न.पा. ८ रातमाटे रु ५०००००। पाँचलाख मात्र

२, सौर्य सडक वत्ती व्यवस्थापन कार्य (जि.प्र.का.) रु ३०,०००।तिस हजार मात्र

३, हाइवेवाट टुँडीखेल आउने सिंडी निर्माण खा.न.पा. १ रु ५०,०००। पचास हजार मात्र

३२) खाँदवारी नगरपालिकाको आ.व.२०७४/०७५मा यस नगरपालिकाद्धारा लागु गरिएको एकीकृत सम्पतिकर करदाताहरु मध्ये सवै भन्दा वढी र नियमित कर तिर्न सफल देहायका करदाताहरुलाई सम्मान गर्ने निर्णय गरियो ।

१,श्री पुष्पवहादुर राई , दिदिङ ३ हाल खाँदवारी नगरपालिका वडा नं १

२, श्री डेगराज वस्नेत, खा.न.पा. १

३, श्री सुमन श्रेष्ठ, खा.न.पा. १

४, श्री इन्द्रकुमार श्रेष्ठ, खा.न.पा. १

५, श्री नविनकुमार गौली, खा.न.पा. १

३३) तेस्रो नगर सभा संचालन विहान देखि वेलुका सम्म भएको हुँदा नगरसभाका सदस्यहरुलाई आवास एवं परिवहन खर्च वापत प्रति दिन रु. १०००.०० का दरले उपलब्ध गराउने निर्णय गरियो ।

३४) नगरकार्यपालिका र नगर कार्यपालिकाको कार्यालयले चालु आ.व.मा गरेका सवै निर्णयहरु र खर्चहरु समर्थन गर्दै अनुमोदन गर्ने निर्णय गरियो ।

३५) यस नगरसभाबाट स्वीकृत योजना कार्यक्रम सम्झौता गर्न र सम्पन्न गरी फरफारकका लागि वडाबाट सिफारीस गर्दा वडासमितीको बैठक वसी सो बाट निर्णय गरी मात्र नगर कार्यपालिकाको कार्यालयमा सिफारीस गर्ने निर्णय गरियो ।

३६) स्थानीय सरकार संचालन ऐन २०७४ मा व्यवस्था भए अनुरुप नगर प्रहरीको व्यवस्था नभए सम्मको लागि सेक्युरिटी गार्ड कम्पनीबाट बढीमा ३ जना सम्म सेक्युरिटी गार्डहरुको सेवा खरिद गरी नगरको घर नक्सापास, ट्राफिक व्यवस्थापन र नगर सरसफाई कार्य लगायत अन्य कार्यहरुमा लगाउने गरी नगरपालिकाको श्रोत साधनलाई ध्यानमा राखी सेवा खरिद गर्ने निर्णय गरियो ।

३७) योजना र आर्थिक प्रशासन शाखावाट भुक्तानी वाँकी विवरण अनुसारको रकम भुक्तानी दिने निर्णय गरियो ।

३८) विशेष परिस्थिती वा आपतकालिन स्थितीमा कुनैपनि कार्य नगर्दा ठूलो क्षती हानी नोक्सानी हुने अवस्था देखिएमा त्यस्तो अवस्थामा नगर प्रमुखले आवस्यक कार्य गरी सो को अनुमोदन नगरकार्यपालिका र नगर सभाबाट गराउने गरी अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

३९) नगरक्षेत्रको सडक वत्ति मर्मत एवं सडक वत्तिको हेरालुको सेवा सुविधाको बारेमा निर्णय गर्न नगरकार्यपालिका अधिकार दिने निर्णय गरियो ।